'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १७० शुक्रवार ०२ फागुन, २०८१ *14 (Friday) February 2025* पृष्ठ ४, मूल्य रु : १०।-

## कर्णाली प्रदेश सरकार द्वारा निजामती सेवा ऐन संशोधन गर्ने निर्णय

नमस्ते समचारदाता

सुर्खेत, फागुन/०१




कर्णाली प्रदेश सरकारले २०८० मा जारी गरेको निजामती सेवा ऐन संशोधन गर्ने निर्णय गरेको छ । बुधबार बेलुका बसेको मन्त्री परिषद् बैठकले प्रदेश निजामती सेवा ऐन २०८० लाई संशोधन गर्ने निर्णय गरेको हो । कर्णाली प्रदेश सरकारका सिंचाई तथा जलश्रोत मन्त्री विजय बुढाले र परिमार्जित विधयकलाई पेस गर्ने र परामर्शका लागि प्रदेश लोक सेवा आयोगमा पठाइने निर्णय भएको बताईन । सरकारले २९ असोज २०८० मा कर्णाली प्रदेश निजामती सेवा ऐन लागू गरेको छ । कर्णाली प्रदेशका कर्मचारीहरुले ऐन संशोधन गर्नका लागि प्रदेश सरकारलाई चार दिने अन्टिमेटम दिएका थिए । सो बैठकले प्रदेश सरकारले विभिन्न समयमा विपद्, उद्धार तथा राहत कार्यमा प्रयोग गरेको हेलिकोप्टरको भाडा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले निकासा दिन`गरी स्वीकृत गरेको छ । मन्त्रालयले विभिन्न समयमा दुई लाख ९१ हजार रकम भुक्तानी गर्न बाँकी थियो । यसअघि पारित भएको ऐनलाई परिमार्जनसहित पेस गर्ने र परामर्शका लागि प्रदेश लोक सेवा आयोगमा पठाइने निर्णय भएको कर्णाली प्रदेश सरकारको प्रवक्ता कृषि मन्त्री विनोद कुमार शाहले जानकारी दिए । यो ऐन प्रदेश सरकाले २०८० असोज २९ गतेदेखि लागू गरेको थियो । यस्तै, बुधबारको मन्त्रिपरिषदले विपद, उद्धार तथा राहत कार्यमा प्रयोग गरिएको हेलिकप्टरको भाडा तिर्ने निर्णय गरेको छ । यसका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले बजेट निकासा गर्नेगरी मन्त्रिपरिषदबाट स्वीकृति प्रदान गरिएको प्रवक्ता शाहले जानकारी दिए । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कायममुकायम सचिवमा वरिष्ठ बाली विकास अधिकृत परशुराम रावतलाई जिम्मेवारी दिने निर्णय पनि मन्त्रिपरिषदबाट बैठकबाट गरिएको छ ।

## पुलको भारवहन क्षमता कमी हुँदा आलोपालो

नमस्ते समचारदाता

बाजुरा, फागुन/०१




बाजुराको साँफे-मार्तडी राजमार्ग अन्तर्गत पर्ने गुइगाडखोलामा निर्माण गरिएको पक्की पुलमा गाडीलाई एक वर्षमै आलोपालो गर्नु परेको छ। भारवहन परीक्षण गर्दा सो पुलले ३० टनका दुई वटा गाडीसमेत धान्न नसकेपछि अहिले गाडी आलोपालो गर्नु परेको हो । २०७५ सालमा करिब छ करोड रुपियाँमा निर्माण भएको सो पुलले धान्नुपर्ने ४५ टन लोड हो । निर्माण कम्पनीले २०७५ सालमा निर्माणको काम सम्पन्न गरेर यस पुलमा सवारी साधन सञ्चालन हुँदै आएका छन् तर सडक विभागले भने यस पुलमा गाडी सञ्चालनका लागि अनुमति दिएको छैन। २०७८ सालमा सडक डिभिजन कार्यालय साँफेबगर अछामले यस पुलको भारवहन परीक्षण गर्दा एउटा गाडीलाई आउजाउ गर्न सहज भएकाले २०८० सालमा सो पुलमा एक पटक एउटा मात्र गाडी हिँड्ने गरेर साइन बोर्ड टाँस गरेको थियो । पुलमा १५/१५ टनका तीन वटा गाडी हाल्दा लच्चिकिएपछि सडक डिभिजन कार्यालय अछाम र पुल महाशाखाबाट आएको इन्जिनियरको टोलीले त्यो पुलछेउमा एक पटक एउटा मात्र गाडी लेखेको साइन बोर्ड टाँस गरेर गएको सडक डिभिजन कार्यालय अछामले जनाएको छ। करोडौँका भौतिक पूर्वाधार निर्माणका योजना ठेकेदारको लापर्बाहीका कारण यसरी नै अस्तव्यस्त हुने गरेका छन् । म्याद थपिन्छ, काम लम्बिन्छ, सरोकारवाला निकायलाई भने केही चासो नभएको स्थानीयले गुनासो गर्छन् । सो पुल निर्माण पूरा भएपछि २०७५ सालमै बाजुराका प्रमुख जिल्ला अधिकारी, यहाँका स्थानीय र सडक डिभिजन कार्यालय अछामको सहभागितामा पुलको उद्धाटन गरेको गुइगाड पुल निर्माणका इन्चार्ज कृष्ण ऐरले बताउनुभयो । उहाँले भन्नुभयो, "गुइगाड खतरनाक खोला हो । बर्खाको समय यो खोलामा आएको बाढीले पुलको पिल्लरमा निर्माण गर्ने क्रममा क्षति गरिदियो । क्षति भएका ठाउँमा हामीले ग्याबिन राखेपछि अहिले पुलमा खासै केही असर भएको छैन ।" पुल निर्माण पूरा भएपछि सडक डिभिजन कार्यालय अछामलाई समेत जानकारी गराइएको हो । सो कार्यालयले त्यतिबेला नै पुलको लोड टेस्ट गर्नुपर्ने हो । अहिले आएर भारवहन परीक्षण गरेपछि पुनः अर्को पुल बनाउन गाह्रो भएको इन्चार्ज ऐरले बताउनुभयो । ४५ टन क्षमता धान्नुपर्ने सो पुलले ३० टन क्षमता (भार) समेत धान्न नसकेपछि अहिले सो पुलमा एक पटक एउटा मात्र गाडी चल्ने गरी बोर्ड टाँस गरेको सडक डिभिजन कार्यालय अछामका सुपरभाइजर गोकुल गिरीले बताउनुभयो । उहाँले भन्नुभयो, "पुल निर्माणको काम कमसल देखिएपछि निर्माण कम्पनी रोजेन्द्र थेगिम जेभी कैलालीलाई पत्र पठाएका छौँ ।" फोन गर्दा सम्पर्क नआएपछि निर्माण कम्पनीलाई पत्राचार गरेको सुपरभाइजर गिरीले बताउनुभयो ।

## स्ववियु निर्वाचन तत्काल गराउन आदेश

नमस्ते समचारदाता

सुर्खेत, फागुन/०१




उच्च अदालत सुर्खेतले मध्यपश्चिम विश्वविद्यालयमा तत्काल स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन गराउन आदेश दिएको छ। उच्च अदालत सुर्खेतका न्यायाधिश मातृकाप्रसाद भण्डारी र मदन पोखेलको संयुक्त इजलासको पूर्णपाठमा तत्काल निर्वाचन गराउन परामादेश जारी गरिएको छ । अदालतको पूर्णपाठमा एमयूमा स्ववियु निर्वाचन आगामी २० चैतभित्र सम्पन्न गरिसक्न भनिएको छ । ''मध्यपश्चिम विश्वविद्यालय कार्यकारी परिषदबाट मध्यपश्चिम विश्वविद्यालय स्ववियु निर्वाचन मिति २०८१/०५/२८ का दिन सम्पन्न गर्ने गरी वीरबहादुर पौडेल संयोजक रहेको निर्वाचन समिति गठन गरेको र उक्त निर्वाचन समितिले मिति २०८१/०५/२८ मा स्ववियु निर्वाचन सम्पन्न गर्नेगरी निर्वाचन तालिका प्रकाशन भएकोमा उक्त निर्वाचन तालिका र सो बमोजिम भएका कामकारबाहीको आजका मितिमा औचित्य समाप्त भइसकेको देखिँदा निवदेन दाबी बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिरहन परेन,'' उच्च अदालतले भनेको छ । एमयूको केन्द्रीय क्याम्पसमा विगत लामो समयदेखि स्ववियु निर्वाचन नभएको देखिँदा २० चैत २०८१ भित्र निर्वाचन सम्पन्न गर्न अदालतले आदेश दिएको छ । उक्त निर्वाचनका लागि निर्वाचन समिति गठन गर्नुपर्ने भए गठन गरी निर्वाचन तालिका प्रकाशन गरी मतदाता नामावली प्रकाशन मितिसम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निर्वाचनमा सहभागी हुने सुनिश्चितता प्रदान गरी स्ववियु निर्वाचन गर्नु गराउनु भनी न्याय प्रशासन ऐन २०७३ को दफा ८ (१) बमोजिम विपक्षीका नाममा परमादेशको आदेश जारी हुने अदालतको ठहर छ । भदौ ८, २०७३ मा भएको पहिलो स्ववियु निर्वाचनबाट निर्वाचित पदाधिकारीको अवधि २०७६ मा सकिएपछि एमयूको स्ववियु नेतृत्वविहीन छ । त्यसको तीन वर्षपछि ५ चैत २०७९ मा तय भएको निर्वाचन तालिकामा विद्यार्थीले आफूहरू मतदानमा सहभागी हुन पाउनुपर्ने मागसहित अदालतमा रिट दायर गरेपछि निर्वाचन प्रक्रिया स्थगित भएको थियो । त्यसपछि पुनः २८ भदौ २०८१ मा तय भएको निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम नामावलीमा आफ्नो नाम समावेश नभएको भन्दै २६ भदौमा बायोलोजी समूह पाँचौं समेस्टरका विद्यार्थी अदालत पुगेपछि निर्वाचन स्थगित भएको थियो । विश्वविद्यालयअन्तर्गतका आंगिक क्याम्पसमा २०७९ चैतमै निर्वाचन सम्पन्न भइसकेको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नीतिगत भ्रष्टाचारको जालोमा देश

राजनीतिक व्यवस्था परिवर्तनको मुख्य एजेन्डामध्ये सुशासन र विकास महत्वपूर्ण एजेन्डा हो। लोकतान्त्रिक शासन व्यवस्था स्थापना भएको दुई दशक हुन लाग्दा पनि सुशासनको आँकडामा देश कमजोर छ। पछिल्लो विवरणहरूमा सुशासनको आँकडा निरन्तर ओरालो मात्र लागेको छैन, विश्वमा नेपालको छवि भ्रष्ट देशहरूको विवरणमा अघिल्लो पंक्तिमा देखिन थालेको छ। विकास, समृद्धि र सुशासनमा नमुना देश बनाउने राजनीतिक दलहरूको साझा प्रतिबद्धता विपरीत किन प्रत्येक वर्ष भ्रष्टाचारको आँकडा बढ्दै गइरहेको छ ? यो गम्भीर प्रश्न हो। राज्यका तीनै अंग–कार्यपालिका, न्यायपालिका, र व्यवस्थापिका भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी देखिएका छैनन्। ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) २०२४ अनुसार नेपाल विश्वमा धेरै भ्रष्टाचार हुने देशको १०७ औं स्थानमा झरेको छ। अघिल्लो वर्षभन्दा अंक घट्नुले नेपालमा सुशासन कमजोर बन्दै गएको संकेत गर्छ। नेपालमा विभिन्न तरिकाबाट भ्रष्टाचार हुने गरेको छ। पछिल्लो समय सबैभन्दा बढी मौलाएको भ्रष्टाचार हो, नीतिगत भ्रष्टाचार। माझीले जालमा माछा पारेजस्तै नीतिगत भ्रष्टचारको जालोमा देश बाँधिएको छ। नीति निर्माण तहमै भ्रष्टाचार हुँदा त्यसको प्रभाव लामो समयसम्म रहने मात्र हैन ठेक्का प्रणालीमा सेटिङ, कर प्रणालीमा अनियमितता, आयात–निर्यात प्रक्रियामा प्रभावशाली समूहहरूको हालीमुहालीजस्ता कार्यमा भरपूर सहयोग भइरहेको छ। देशमा कानुनी शासन र पारदर्शी प्रणाली कमजोर हुँदा भ्रष्टाचार बढेको यसले प्रस्ट देखाउँछ। दोषीहरूलाई कठोर दण्ड दिनुको साटो राजनीतिक आस्थाका आधारमा संरक्षण गर्ने चलनले सुशासनलाई कमजोर बनाएको छ। साथै नागरिक सचेतना र सहभागिता कमजोर हुँदा पनि भ्रष्टाचार नियन्त्रणमा सफलता प्राप्त हुन सकेको छैन। त्यसैले नागरिक तहबाट खबरदारी अत्यन्त जरुरी छ। सरकार भ्रष्टाचार नियन्त्रणमा किन चुक्दै आएको छ ? ठूलाठूला घोटाला–बालुवाटार जग्गा प्रकरण, वाइडबडी जहाज खरिद काण्ड, यती–नेपाल वायुसेवा सम्झौताजस्ता घटनाहरूको निष्पक्ष छानबिनमा सरकारलाई के कुराले रोकिरहेको छ ? यस्ता मुद्दामा संलग्न व्यक्तिहरूलाई उन्मुक्ति दिने प्रवृत्तिले सरकारकै नैतिकतामा गम्भीर प्रश्न उठाएको छ। भ्रष्टाचारविरुद्ध कानुन र नियामक निकाय भएरमात्र भ्रष्टाचार नियन्त्रण नहुने कुरा नेपालको नियम र नियमन निकायलाई हेरे पुग्छ। भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकाय सक्रिय छन्। तर, राजनीतिक हस्तक्षेप र प्रभावशाली व्यक्तिहरूमाथि कारबाही गर्न नसक्दा यी संस्थाहरूको विश्वसनीयता कमजोर बन्दै गएको छ। सरकारको भाषण र प्राथमिकतामा सुशासन परे पनि कार्यान्वयन पाटो कमजोर छ। सरकारले यसका विरुद्ध निर्मम कदम नचाल्ने र नागरिक तहबाट सचेततापूर्वक खबरदारी नहुने हो भने नेपाल झन् भ्रष्टाचारग्रस्त मुलुक बन्ने खतरा छ। अन्तर्राष्ट्रिय रूपमा भ्रष्टाचार नियन्त्रणमा सफल देशहरू जस्तै डेनमार्क, फिनल्यान्ड, र सिंगापुरको अनुभव हेरेर नेपालले कानुनी शासन सुदृढ गर्ने, प्रशासनिक सुधार गर्ने, सार्वजनिक सेवामा पारदर्शिता बढाउने तथा दोषीमाथि कडा कारबाही गर्ने नीति तत्काल अवलम्बन गर्न जरुरी छ। अन्यथा, सुशासनको सपना केवल नारामा सीमित हुनेछ।

# सूचना प्रविधिमा सुधारको अपेक्षा

डा. सुशील पौडेल



डा. सुशील पौडेल

> सूचना प्रविधि आउटसोर्सिङमार्फत विश्वका सबै जसो अविकसित देशहरू विकसित देशमा स्तरोन्नति गरिसकेको हामीले देखेका छौं। जनतालाई आर्थिक स्वतन्त्रता दिनु नै देशको समुन्नतिको प्रस्थान विन्दु हो भन्ने कुरालाई आत्मसात् गर्दै आजैदेखि हामी नेपालीले पनि उन्नतिका पाइला अगाडि बढाउन आवश्यक छ।

आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गर्दै तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले सूचना प्रविधि कम्पनीहरूलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न, सफ्टवेयर वा उपकरण जडान गर्न कम्पनीले आर्जन गरेको १० प्रतिशतसम्म विदेशी मुद्रा सटहीको सुविधा दिने घोषणा गर्नुभयो। सोही सिलसिलामा नेपाल राष्ट्र बैङ्कले २०८० पुस २७ गते एकीकृत परिपत्र नं. ०७/२०८० प्रकाशित गऱ्यो तर उक्त परिपत्रमा आइटी कम्पनीहरूले विदेशमा शाखा कार्यालय खोल्नुअघि नै अमेरिकी डलर कमाइसकेको हुनुपर्ने र नेपालमै मुख्य कार्यालय भई डलर कमाउन नसकेका कम्पनीका हकमा भने विदेशमा शाखा कार्यालय खोल्न नपाउने अव्यावहारिक सर्तलाई पुनः दोहोऱ्यायो। यो नियमका कारण विदेशमा आफ्नो उपस्थिति देखाई सेवा र वस्तुहरूको बिक्री गर्न चाहने स्टार्टअप र साना कम्पनीहरूले फाइदा उठाउन सकेनन्। तत्पश्चात् २०८१ असार २४ मा सङ्घीय संसद्ले एक अध्यादेश प्रमाणित गरी नेपाली कम्पनीलाई आफ्नो ज्ञान वा क्षमता (फ्रेन्चाइजी) का आधारमा विदेशमा प्रविधि हस्तान्तरण गर्न उद्योग विभागको स्वीकृतिमा शाखा कार्यालय खोल्न पुनः एक पटक अनुमति दिइयो तर ९९ प्रतिशत आइटी र स्टार्टअप कम्पनीहरू १० करोडभन्दा कम स्थिर पुँजी भएका र कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको हुँदा उद्योग विभागको कार्यक्षेत्रभित्र थिएनन्। अहिले २०८१ पुस २९ मा राष्ट्रपतिबाट जारी गरिएको विदेशी विनिमय ऐन, २०१९ मा संशोधनसम्बन्धी अध्यादेशले गत बजेट भाषणमा गरिएका कुराहरूलाई थप स्पष्ट पारेको भए तापनि उक्त अध्यादेशको दफा २(२) मा लगानीसम्बन्धी सम्पूर्ण व्यवस्था नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिम हुने छ भनिएको छ। राष्ट्र बैङ्कले सूचना प्रविधि कम्पनीलाई सम्बोधन गरी पहिले नै जारी गरेको डलर सटहीसम्बन्धी व्यवस्थाका बारेमा जानकार नरहेका कारण संसद्भित्र र बाहिर अध्यादेशको बारेमा धारणा व्यक्त गरिएको पाइएको छ। यद्यपि यो अध्यादेशले पनि सूचना प्रविधि कम्पनीको मागलाई सम्बोधन गर्दैन। भारतले सर्वप्रथम सन् २००० मा वैदेशिक विनिमय व्यवस्थापन नियमन (फेमा) जारी गरी आफ्ना आइटी कम्पनीहरूलाई वार्षिक बिक्रीको १५ प्रतिशत वा नेटवर्थको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न पाउने व्यवस्था गरी सूचना प्रविधि कम्पनीहरूको विश्वव्यापीकरण गरेको थियो। हाल भारतीय रिजर्भ बैङ्कको पूर्वस्वीकृति बिना नै आफ्नो नेटवर्थको ४०० प्रतिशत सम्म विदेशमा शाखा कार्यालय खोल्ने प्रयोजनका लागि डलर सटही दिने गरिएको छ। चीनको राष्ट्रिय विकास र सुधार आयोगले भने एक कदम अगाडि बढेर विदेशमा शाखा खोल्दा गरिने लगानीमा अधिकतम सिमाको बन्देज हटाएको छ। त्यस्तै एसियाका प्रमुख सूचना प्रविधि आउटसोर्सिङ सेवाप्रदायक देशहरू जस्तै फिलिपिन्सले छ करोड अमेरिकी डलर, भियतनामले दुई करोड डलर, मलेसियाले एक करोड डलर र इन्डोनेसियाले एक करोड डलरको लगानी गरी विदेशमा शाखा कार्यालय स्थापना गर्दा पूर्वस्वीकृति लिनु नपर्ने गरी व्यवस्था गरेका छन्। नेपालका सन्दर्भमा भने विदेशमा खोलिएका भर्चुअल कार्यालय सञ्चालनका लागि चाहिने बिलिङ सफ्टवेयर राख्न आवश्यक एक दुई हजार डलर सटहीमा समेत लगाम लगाइएको छ जबकि व्यक्तिका हकमा भने वार्षिक ५०० डलर सटही दिने गरिएको छ। तसर्थ अन्य देशले गरेको व्यवस्था जस्तै अध्यादेशको दफा २(२) मा संशोधन गरी वार्षिक बिक्रीको २५ प्रतिशत वा नाफाको सय प्रतिशतसम्म कार्यालय स्थापनापश्चात् अधिकतम तीन वर्षसम्मका लागि शाखा सञ्चालन खर्चको रूपमा लैजान राष्ट्र बैङ्कको स्वीकृति लिनु नपर्ने व्यवस्था गरियो भने मात्र देशको अर्थतन्त्रमा सुखद सुरुवात हुने छ, काठमाडौंमै बसेर युवाले लाखौं कमाउन सक्ने आधार खडा हुने छ। यसका साथै विदेशमा दर्ता भएको कम्पनीको अभिलेख राख्ने कार्यविधि कम्पनी रजिस्ट्रार कार्यालयसँग नरहेको हुँदा सोको व्यवस्था गरी कर कार्यालयलाई लेखी पठाउने, विदेशमा कमाएको नाफामा दोहोरो कर नलगाउने तथा हालसम्म नियम बाहिर रही विदेशमा सञ्चालन भएका कम्पनीलाई एक पटकका लागि नेपालमा अभिलेख राख्न पाउनुपर्ने कुरालाई पनि सम्बोधन गरिनु आवश्यक छ। हालका लागि माथि भनिएका निमयहरू अध्यादेशमा संशोधन गरी नियमित गर्न सकिए देशको लागि निकै ठुलो उपलब्धि हुने छ र ६० वर्षपछि नेपालीले कानुनी रूपमा वैदेशिक लगानी गर्न सक्ने छ तर भविष्यमा नेपाललाई आइटी आउटसोर्सिङको प्रमुख गन्तव्य बनाउन भने अन्य उपायहरू पनि अवलम्बन गर्नु पर्छ, जसमध्ये लगानी व्यवस्थापनले सबैभन्दा महत्वपूर्ण र उत्प्रेरकको काम गर्छ। उच्च ब्याज दर, कम मूल्य, अक्षम र कमजोर बैङ्किङ, केन्द्रीय बैङ्कको प्रतिबन्धात्मक नीतिहरू उदीयमान अर्थव्यवस्थाका लागि विषाक्त हुन्छन्। राज्यको प्रथम दृष्टि उधारो निर्मूल गर्ने कानुनमा हुनु पर्छ, उधारो किनबेच बन्द हुनेबित्तिकै जुनसुकै आर्थिक अवस्था भएका व्यापारीहरूले पनि समान वित्तीय पहुँच बनाउन सक्छन् भने धेरै मात्रामा ठगीधन्दा र कमिसनको खेलमा निकै कमी आउने छ। त्यस्तै स्टार्टअप कम्पनीहरूलाई सुरुवाती कर्जाको व्यवस्था गरिनु पर्छ, जसले बिज पुँजीको समस्या समाधान गर्छ जुन व्यवस्था धेरै जसो विकसित राष्ट्रहरूमा बैङ्क खाता खोल्नासाथ स्वतः प्राप्त हुन्छ। यी दुई व्यवस्थाले आउटसोर्सिङ प्रदायकहरूलाई माग अनुसारको क्षमता अभिवृद्धिमा सहयोग पु ऱ्याउँछ। क्षमता वृद्धि भन्नाले वित्तीय क्षमता, उत्पादन क्षमता, वितरण क्षमता र मानव संसाधन क्षमतालाई प्रमुख रूपमा लिनु पर्छ। अर्को पाटो देशको विशिष्ट विशेषज्ञता भएको अवस्थामा हामी जस्तो उदीयमान राष्ट्रलाई अधिक ग्राहकहरू आकर्षित गर्न सहयोग पुग्छ। जसरी संसारभर हार्डवेयर निर्माण गर्न चीन र सफ्टवेयर निर्माणका लागि भारत विख्यात छन। त्यस्तै नेपालको पनि आफ्नो विशिष्ट पहिचान बनाउन सक्नु पर्छ जस्तै टुरिजम एप, कृषि एप, मेडिकल ट्रान्सकृप्ट, ब्याक अफिस आदि। साथै यसका निजी सार्वजनिक साझेदारीका परियोजना अगाडि बढाउन आवश्यक छ। एफडिआई आवश्यक वातावरणको निर्माण गर्न जरुरी कुराहरू जस्तै नेपालमा लगानी गर्न इच्छुक राष्ट्र र लगानीकर्तालाई मध्यनजर गरी स्वतन्त्र व्यापार सम्झौता गर्ने, स्वदेशी विदेशी लगानीकर्तालाई लगानीको केही समयसम्म पूर्ण रूपमा कर छुट दिने, लगानी सुरक्षाको प्रत्याभूति गर्ने र योग्य मानव संसाधनको समस्या समाधान गर्न कलेज विश्वविद्यालयमा लगाइएका कोटा प्रणाली खारेज गरी उनीहरूलाई गुणस्तरीय शिक्षामा सहयोग गऱ्यौं भने केही वर्षभित्र नेपाल दक्षिण एसियाकै प्रमुख आउटसोर्सिङ गन्तव्यका रूपमा परिचित हुने छ। यससँगै एफडीआइका नाममा नेपालमा कार्यालय खोली विदेशी कम्पनीको आधिकारिक बिक्रेता लिएर सूचना प्रविधि र अन्य सामग्रीहरू पैठारी गर्ने क्रम निकै देखिन लागेकाले त्यस्ता विदेशी कम्पनीहरूलाई कारबाही गरी उनीहरूको इजाजत तत्काल खारेज गरिनु पर्छ। सूचना प्रविधि आउटसोर्सिङमार्फत विश्वका सबै जसो अविकसित देशहरू विकसित देशमा स्तरोन्नति गरिसकेको हामीले देखेका छौं। जनतालाई आर्थिक स्वतन्त्रता दिनु नै देशको समुन्नतिको प्रस्थान विन्दु हो भन्ने कुरालाई आत्मसात् गर्दै आजैदेखि हामी नेपालीले पनि उन्नतिका पाइला अगाडि बढाउन आवश्यक छ।

*–गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# नदी संरक्षणको विषयलाई गम्भीर रुपमा लिनुपर्छ : मन्त्री पाण्डे

■ नमस्ते समचारदाता
काठमाडौं, फागुन/०१



संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले नदी संरक्षणको विषयलाई गम्भीर ताका साथ लिनु पर्ने बताएका छन् । उनले फिल्म सेरिङ सिस्टर रिभर कर्णाली तथा सन् २०१६ मा सुरु गरिएको 'ह्यासट्याग फोटो नेपाल' पुनः सुरु भई नवीन बरालको 'कर्णाली नदीः तीन देशका तस्बिरहरू' प्रदर्शन कार्यक्रममा बोल्दै उक्त कुरा बताएका हुन् । मन्त्री पाण्डेले भने, 'कर्णाली नदीको संरक्षण गर्ने,नदीहरूको दोहन नगर्ने गरी गरिएको छलफललाई गम्भीरताका साथ लिनुपर्छ ।' नदीको किनारमा क्रसर उद्योग खोल्ने, हाइड्रोपावर निर्माणका कार्यले नदीको प्राकृतिक स्वरुपमा आँच आइरहेको छ । मानवका रक्त नली जस्तै नदीहरूको सम्बन्ध पनि भूगर्व सम्म रहने गर्छ । उनले विकास निर्माणका कार्य गर्दा नदीको प्राकृतिक सौन्दर्य नबिग्रने गरी पूर्वाधार तथा भौतिक संरचना बनाउनु पर्नेमा जोड दिए । उनले विकसित राष्ट्रहरू बाट असन्तुलित रूपमा भएको प्राकृतिक दोहनका कारण जलवायु परिवर्तनको असर बढ्दै गएको बताउँदै अन्नपूर्ण वेशक्याम्प लगायतका हिमालहरुमा समेत हिउँ नभएको प्रति चिन्ता व्यक्त गरे । मन्त्री पाण्डेले हिमालको हिउँ पग्लेर हिमाल, पहाड र समुन्द्री तट हुँदै समग्र विश्वमा असर परिरहेको बताए । उनले नेपाल जस्ता अल्पविकसित मुलुकहरूले विविध संस्कृति र प्रकृतिको संरक्षणका निम्ति दबाबको आवश्यकता औंल्याए ।

# लोप हुँदै लिउ फेरुवा बुन्ने सीप

■ राजन रावत
हुम्ला, फागुन/०१



हिमाली जिल्ला हुम्लामा परम्परागत रुपको लिउ र फेरुवा बुन्ने सीप लोप हुने अवस्थामा पुगेको छ जिल्लाभरका गाउँ वस्तीमा यस्ता लिउ र फेरुवा बुन्ने छोडेपछि उक्त सीप हाल लोप हुने अवस्थामा पुगेको हो । नाम्खा गाउँपालिका- १ की लामु लामाले हिउँदभरि घरघरका आगनमा महिला लस्करै लिउ फेरुवा बुन्नु पर्नेमा हाल आएर लिउ फेरुवा बुन्ने कार्य बन्द भएको बताइन । यो काम बन्द भएपछि परम्परागत लिउ र फेरुवा बुन्ने सीप पनि लोप हुने अबस्थामा रहेको छ । हुम्लाको लिमीमा च्याङ्गा पालन छोडिनु र चीनबाट च्याङ्गा आयात हुन छोडेपछि हुम्लामा ऊनकै अभावमा पनि लिउ फेरुवा का लागि तान ( स्थानीय भाषामा चान ) बुन्ने कार्य बन्द भएको हो । यसले गर्दा प्रत्येक घरका महिलाहरु बेरोजगार समेत भएको उनले भनाइ छ। हिउदभरि पुरुषको काम ऊन कात्ने र महिलाको का चान बुन्ने हुने गरे पनि अहिले त्यो काम कुनै पनि हुने गरेको छैन । यता सिमकोट गाउँपालिका- ४ की छिरिङ लामाले सबै आधुनिक कपडा प्रयोगमा लागेपछि लिउ फेरुवाको प्रयोग हुन छोडेपछि को काम रोकिएको बताइन् । स्थानीयले लिउ र फेरुवा बिक्री गरेर पनि आम्दानी गर्ने गरेको बताउदै लामाले अव सबै सिरक, कम्वल, डस्ना, गलैचा, कार्पेटको प्रयोग गर्न थालेपछि लिउ फेरुवा बुन्न छोडिएको उनले बताए । आधुनिकताले गर्दा पुरानो आम्दानी प्राप्त गर्ने सीप समेत हराएर जाने अवस्था रहेको उनको भनाइ छ। उद्योग बाणिज्य सङ्घका अध्यक्ष राम बहादुर भण्डारीले लिउ फेरुवा बुन्ने काम ठप्प भएको बताउँदै यसले सीप मात्र नहराएर आम्दानी पनि गुमेको बताए । मानिसहरुले लिउ फेरुवा बुन्न छोडेपछि स्थानीय खसीको ऊन पनि त्यति कै खेर जाने गर्छ । स्थानीयले लिउ फेरुवा ओढ्ने ओछ्याउने, अन्नपात सुकाउने र खर्कमा पाल हाल्ने कामका लागि प्रयोग गर्ने गर्थ्ये। एउटा लिउ फेरुवाको पच्चीसदेखि तीस हजार मूल्य पर्ने गर्छ । केही वर्ष अगाडीसम्म स्थानीय लिउ फेरुवा बिक्री गरेर पनि आम्दानी गर्दै आएका थिए ।


## Himali Rural Municipality
## Office of the Municipal Executive
*Dhulachaur , Bajura*

# Invitation for Bids

**First Date of Publication: - 2081/11/02 BS, 2025/02/14 AD**

1. **Himali Rural municipality Dhulachaur, Bajura** invites only electronic bids from eligible bidders for the construction of following **works** under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project including VAT & Contingency | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/ WORKS/ BUILDINGS/ 07/2081/82 | Ward No. 01 Office Building Construction Work | 4997832.74 | 110000.00 | 3000.00 | |

2. Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2081/12/04 ( 17th Mar. 2025) | 12:00 Hrs |
| Opening of Bid | Up to 2081/12/04 ( 17th Mar. 2025) | 14:00 Hrs |

3. Information to deposit the cost of bid document & Bid Security Amount:
Name of the Bank: Sanima Bank, Dhulachaur, Bajura
Name of Office: Himali Rural Municipality, Dhulachaur, Bajura
Account no.:**074010040000007** (For Bid Document Price)
Account no:**074010020000009** (For Bid Security Amount)
4. Bid meeting shall be held at Himali Rural Municipality, Dhulachaur, Bajura at **2081/11/23 (07 March 2025)** at **13:00** hrs.
5. Bidder should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should submit their bids: "by electronic only". Bids received after **2081/12/04 (17th March 2025) 12:00** deadline will be rejected.
6. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 including latest amendment as well and Public Procurement Regulation 2064.
8. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.
10. Bidder should compulsory submit the work schedule and Site Visit Report along with the Bid Document.
11. For all other details, please refer to the complete set of bidding documents at Himali Rural Municipality, Dhulachaur, Bajura.

Chief Administrative Officer


# संरक्षणको पर्खाइमा राराको ढुङ्गेधारा

■ नमस्ते समचारदाता
मुगु, फागुन/०१

राराताल नजिकैको मुख्य बाटो छेउमा रहेको ऐतिहासिक ढुङ्गे धारा संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । स्थानीय बासिन्दाको भनाइअनुसार यो ढुङ्गेधारा हजारौं वर्ष पुरानो मानिन्छ । स्थानीय बुढापाका अनुसार यो ढुङ्गेधारा भीमसेन थापाको पालामा निर्माण गरिएको बताइन्छ। ०३२ सालमा रारालाई निकुञ्ज घोषणा गरेपछि र रडाले र छप्राल बस्तीलाई २०३५ सालमा बाँकेको चिसापानी सारिएको थियो। रडाले र छप्राले पानी खाने यो ऐतिहासिक ढुङ्गे धारा हाल पानीको स्रोत सुक्दै गएपछि प्रयोगविहीन जस्तै भएको छ । ढुङ्गाको संरचना जस्ताको तस्तै भए पनि धारावरीपोरीको ब्यबस्थापन उचित तरिका बाट हुन नसकेको राराका पर्यटन ब्यबसायी बृखबहादुर रोकायाले बताए। उनले भने, 'पहिले पानी सुकिसकेको भएपनि पुजाआजा गरेपछि थोरै भएपनि पानी आउन थालेको छ ।' यस ऐतिहासिक सम्पदाको उचित संरक्षण र पुनर्निर्माणको पहल नहुँदा यसको ऐतिहासिक महत्व हराउँदै गएको स्थानीयले बताएका छन् । सम्बन्धित निकायले समयम संरक्षण नगरे यसले ऐतिहासिक सम्पदामाथि गम्भीर क्षति पुर्‍याउने स्थानीयको चिन्ता व्यक्त गरेका छन् ।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला


नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# किसानद्वारा स्याऊ बगैँचाका बोटलाई बोलोपेष्ट

नमस्ते समचारदाता

हुम्ला, फागुन/०१



किसानहरु स्याउ बगैँचाका बोटहरूमा बोलोपेस्ट गर्ने कार्यका ब्यस्थ्य देखिनु भएको छ। स्याउको बोटलाई किराबाट सुरक्षित गर्न र उत्पादन वृद्धि गर्नका लागि जिल्ला भरका किसानहरू यो कार्यमा लाग्नु भएको हो । खार्पुनाथ गाउँपालिका- ५ का किसान नवराज शाहीले आफ्नो डेढ सय बोट भएको स्याउ बगैँचाका बिरुवाहरूलाई बोलोपेष्ट रसायन लगाउने कार्य गरिएको बताउनुभयो । उहाँले बगैँचामा भएका सबै स्याउका बोटलाई गाउँपालिकाको कृषि शाखाका सहयोगमा बोलोपेष्ट लगाउने कार्य भएको बताउनुभयो । यता सिमिकोट गाउँपालिका -४ का अगुवा किसान जङ्ग बहादुर शाहीले पनि तीन सय स्याउका बोटमा बोलोपेष्ट लगाउने कार्य भएको बताउनुभयो । स्याउ बगैँचाको व्यवस्थापन सम्बन्धी तालिम लिएपछि उहाँले आफै बोलोपेष्ट खरिद गरेर बिरुवामा लगाउने कार्य भएको बताउनुभयो । उहाँले स्याउका बिरुवामा पहिलो पटक यो रसायन लगाउनु भएको हो । सिमिकोट गाउँपालिका कृषि शाखाका प्रमुख नेत्रबहादुर शाहीले स्याउका बिरुवामा लाग्ने भुवादारी किराबाट जोगाउनका बोलोपेष्ट लगाउने कार्य हुने गरेको बताउनुभयो । स्याउका बिरुवामा बोलोपेष्ट डाँट र काँटछाँट गर्न हाँगामा हुने घाउमा पनि लगाउने गरिएको उहाँले बताउनुभयो। बिरुवामा बोलोपेष्ट बिशेषगरि रोग किराबाट बचाएर उत्पादनमा वृद्धि गर्नका लागि लगाउने पर्ने रसायन रहेको उहाँले बताउनुभयो । स्याउको बोटबाट गुणस्तरीय स्याउ उत्पादन गर्न र बिरुवालाई रोगबाट बचाउनका लागि वर्षेनी बोलोपेष्ट लगाउनु उपयुक्त हुने बताउँदै यसका लागि किसानले पनि विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो । जिल्लामा सो रसायन लगाउने कार्यमा गाउँपालिका कृषि शाखा, कृषि विकास कार्यालय र स्याउ जोन परियोजनाले सहयोग गर्दै आएका छन् भने किसानहरूले आफै पनि लगाउन थालेका छन्। यसका लागि यस वर्ष यी सेवा प्रदायक निकासहरूले पच्चीस हजार स्याउका बोटमा बोलोपेष्ट लगाउने कार्य गत पुस महिनाबाटै गर्दै आउनु भएको छ।

# संसदीय समिति सक्रिय

नमस्ते समचारदाता

सुर्खेत, फागुन/०१



कर्णाली प्रदेश सभाका संसदीय समिति अहिले सक्रिय बनेका छन्। नेतृत्वविहीन हुँदा निष्क्रिय झैँ बनेका समिति माघ १० गते संसदीय समितिलाई पूर्णता दिएपछि दिनहुँ जसो बैठक बसिरहेका छन् । सामाजिक विकास समिति, सार्वजनिक लेखा समिति र अर्थ तथा प्राकृतिक स्रोत समितिमा नेतृत्व चयन नहुँदा निष्क्रिय झैँ भएका थिए। ती समिति निष्क्रिय हुँदा समितिम छलफल गर्नुपर्ने विधेयक त्यसै थन्किएका थिए। अहिले बैठक बसी विधेयक र विधेयक दफाबार छलफल भइरहेको छ। माघ १० पछि आजसम्म विकास समितिको पाँच वटा बैठक बसिसकेको छ। यस्तै सार्वजनिक लेखा समितिको आठ वटा र अर्थ तथा प्राकृतिक स्रोत समितिको पाँच वटा बैठक बसिसकेको प्रदेश सभा सचिवालयले जनाएको छ। यस्तै प्रदेश मामिला समितिको बैठक एक पटक बसेको छ। सामाजिक विकास समितिको सभापतिमा पूर्णबहादुर खत्री, सार्वजनिक लेखा समितिको सभापतिमा विन्दमान विष्ट र अर्थ तथा प्राकृतिक स्रोत समितिको सभापतिमा दक्षिणा शाहीलाई सर्वसम्मत चयन गरिएको थियो। प्रदेश मामिला समितिमा यसअघि नै कल्याणी खड्का चयन भइसक्नुभएको थियो। सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलले संसदीय समितिलाई पूर्णता दिएपछि विभिन्न समितिका बैठक धमाधम बसेर विधेयकमाथि गहन छलफल भइरहेको बताउनुभयो। समितिलाई पूर्णता दिएपछि समितिमा आएका विधेयकका साथै सरोकार राख्ने पक्षसँग छलफल भइरहेको उहाँको भनाइ छ। सामाजिक विकास समितिले दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई यथाशक्य अगाडि बढाउने र सामाजिक विकास समितिको कार्य सञ्चालन कार्यविधि, २०८० लाई कर्णाली प्रदेश सभा नियमावली, २०८१ बमोजिम गर्नुपर्ने संशोधनको मसौदा तयार गर्न समितिले सचिवालयलाई निर्देशन दिने निर्णय गरिएको छ। यस्तै सार्वजनिक लेखा समितिले पनि प्रदेशको बेरुजु घटाउन विभिन्न पक्षसँग छलफल गरिरहेको छ। बुधबार सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अन्तर्गत सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयका शीर्षकमाथि दफावार छलफल गरेको छ। यसै गरी मङ्गलबार अर्थ तथा प्राकृतिक स्रोत समितिमा कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा छलफल भएको प्रदेश सभा सचिवालयले जनाएको छ। कर्णाली प्रदेश सभा बैठक आगामी आइतबार बस्दै छ। प्रदेश सभा बैठक नबसेको बेला अहिले मिनी संसद्का रूपमा परिचित संसदीय समिति सक्रिय बनेर विभिन्न विधेयक तथा शीर्षकमाथि छलफल गरिरहेको सूचना अधिकारी पौडेलले बताउनुभयो।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

# अनुदानमा सर्वसाधारणको पहुँच पुग्नुपर्ने

नमस्ते समचारदाता

धनगढी, फागुन/०१



पर‍राष्ट्रमन्त्री आरजु राणाले प्रदेश सरकारले दिने हरेक अनुदानमा सर्वसाधारणको पहुँच पुग्ने गरी काम गर्न निर्देशन दिनुभएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक दशक (२०८२-२०९२) घोषणा गरेर मनाउने सम्बन्धमा सोको प्रारूप सन्दर्भ र सहकार्यसम्बन्धी सामाजिक विकास मन्त्रालयले आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले सो निर्देशन दिनुभएको हो । उद्योग दर्ता गर्दा काठमाडौँ पुग्नुपर्ने समस्याको समाधान गर्ने गरेर नीति बनाउनुपर्नेमा पनि मन्त्री राणाको जोड थियो । उहाँले भन्नुभयो, “निजी क्षेत्र, महिला बालबालिकाका लागि काम गर्ने हो भने प्रदेश तहमै उहाँहरूलाई प्रोत्साहन गरेर काम गर्ने र जनताका कुनै पनि कामका फाइल एक हप्ताभन्दा बढी रोक्नुहुन्न।” मन्त्री राणाले भन्नुभयो, “प्रदेश सरकारको ठुलो बजेट मन्दिर निर्माणलगायतमा खर्च गरेको छ, हरेक दुई मिटरमा मन्दिर छ, तर मान्छे छैन, मूर्ति छैन, घण्टी छैन, पूजाआजा पनि छैन त्यस्तो ठाँउमा मन्दिर बनाएर रकमको दुरुपयोग गर्नुभन्दा त्यसको बदलामा बर्थिङ सेन्टर, वृद्धवृद्धाका लागि बस्ने, रमाउने ठाउँ, शौचालय बनाउँदा पैसाको सही सदुपयोग हुन्छ।” उहाँले प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र, सङ्घ सरकार सबैलाई जोडेर लैजान र सबै क्षेत्रको सूचकाङ्कका आधारमा कार्य अगाडि बढाउन निर्देशन दिनुभयो । उहाँले जनसंख्या घटिरहेका बेलामा भौतिक निर्माणलगायतमा धेरै बजेट खर्च नगर्न र आवश्यकताका आधारमा मात्र प्रदेश सरकारका योजना निर्माण गर्ने कुरामा सुझाव दिनुभयो । उहाँले विकासका हरेक सूचकाङ्कमा कर्णाली प्रदेश सुदूरपश्चिम प्रदेशभन्दा पछाडि थियो तर त्यहाँको सरकारका कारण सुदूरपश्चिमभन्दा अगाडि बढेको बताउनुभयो । कर्णाली सुदूर पश्चिमभन्दा विकट हुँदा पनि स्रोतसाधनको राम्रो परिचालनले अगाडि बढेको मन्त्री राणाले बताउनुभयो। उहाँले भन्नुभयो, “कृषि र वनमा काम गर्ने सबै महिला छन् तर उनीहरूले अनुदान पाएका छैनन् । उनीहरूको त्यहाँ पहुँच छैन, सबैभन्दा बढी प्रदेश सरकारको रकम कहाँ खर्च भएको छ र पैसाको परिचालन कसरी भएको छ त्यतातिर ध्यान दिन जरुरी छ।” मन्त्री राणाले वृद्धवृद्धा धेरै समय एक्लै घरमा हुन्छन् उनीहरूलाई हप्तामा भेटघाट गर्ने कुनै संयन्त्र बनाउने, पिकनिक लैजाने, खाना खुवाउने घरमै परिवारसँग राख्ने वातावरण बनाउने, हरेक हप्ता उनीहरूसँग मनोरञ्जनात्मक कार्यक्रम बनाउने, बालबालिका र महिलाकेन्द्रित काम गर्न पनि सुझाव दिनुभयो। सो कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमल बहादुर शाह, आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह थापा, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, सामाजिक विकासमन्त्री मेघराज खड्का, सामाजिक राज्यमन्त्री सरस्वती खड्का, अर्थ राज्यमन्त्री प्रकाशबहादुर बम, भौतिक पूर्वाधार विकास राज्यमन्त्री मीना साउद, प्रदेशका मुख्य सचिव, प्रदेशका सबै मन्त्रालयका सचिवलगायतको सहभागिता थियो।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके